# विनियोजन विधेयक

२०७४

प्रदेश सभा सचिवालय

प्रदेश नं. एक

## उद्देश्य र कारण

आर्थिक वर्ष २०७४/७५ को बाँकी अवधिको लागि प्रदेश नं एक अन्तर्गतका निकायहरुले गर्ने सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

प्रस्तुत विधेयकले प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार र विभिन्न निकाय , मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ।

द्रष्टव्यः यो विधेयक अर्थ विधेयक हो ।

(मा. इन्द्र बहादुर आङ्बो)
आर्थिक मामिला तथा योजना मन्त्री

# आर्थिक वर्ष २०७४/७५ को बाँकी अवधिको सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना: आर्थिक वर्ष २०७४/७५ को बाँकी अवधिको सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १९७ बमोजिम प्रदेश नं एक, प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो ऐनको नाम "प्रदेश नं एक विनियोजन ऐन, २०७४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०७४/७५ बाँकी अवधि को निमित्त प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार: आर्थिक वर्ष २०७४/७५ को बाँकी अवधिको निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालू खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रु.१०१९४६५००० (अक्षरेपी रु. एक अर्व एक करोड चौरानब्बे लाख पैसठ्ठी हजार ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजन: (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४/७५ को बाँकी अवधिको निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा नपुग हुने देखिन आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ७०१९२ मा विनियोजन भएको रकम अनुदान संख्या ७०१०२ देखि ७०१९३ सम्म जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।

(४) यो विनियोजन विधेयक पेश हुनुभन्दा अगाडि संघीय विनियोजन ऐन, २०७४ को दफा ४ को उपदफा (५) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयले विभिन्न खर्च शीर्षकहरुमा बाँडफाँट गरी सम्बन्धित निकायलाइ निकासा दिएको र रकमान्तर भई कायम भएको रकम यसै ऐन बमोजिम विनियोजन भएको मानिने छ ।

अनुसुची-१
(दफा २ सँग सम्बन्धित)
नेपालको संविधान बमोजिम
प्रदेश नं.१ प्रदेश संचित कोष माथि व्ययभार हूने रकम
प्रदेश नं.१

रकम रु.

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| | | | **२०७४/७५** | | | |
| **क्र.म.** | **शिर्षक** | **शिर्षकको नाम** | **चालु** | **पूँजीगत** | **वित्तीय व्यव** | **जम्मा** |
| १ | २१११२ | प्रदेश व्यवस्थापिका प्रदेश व्यवस्थापिका पारिश्रमिक पदाधिकारी | ५१५००० | ० | ० | ५१५००० |
| २ | २११४२ | पदाधिकारी अन्य सुविधा | १७०००० | ० | ० | १७०००० |
| ४ | २२२११ | प्रदेश व्यवस्थापिका इन्धन (पदाधिकारी) | ३५०००० | ० | ० | ३५०००० |
| **जम्मा** | | | **१०३५०००** | **०** | **०** | **१०३५०००** |

**अनुसुची -२**

(दफा २ र ३ सँग सम्बन्धित)

**नेपालको संविधान बमोजिम**

# प्रदेश नं.१ प्रदेश संचित कोषबाट व्ययभार हूने रकम

**प्रदेश नं.१**

रकम रु

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| | | | | २०७४।७५ | | |
| क्र.सं. | शीर्षक | शीर्षकको नाम | चालु | पुँजीगत | वित्तिय व्यवस्था | जम्मा |
| १ | ७०१२११३०१ | प्रदेश व्यवस्थापिका सचिवालय | ८०५६४००० | ४४०५५००० | ० | १२४६१९००० |
| २ | ७०१२३१३०१ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ४७०५००० | १५०००००० | ० | ६२०५००० |
| ३ | ७०१३११३०१ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | २९२९५००० | १६५००००० | ० | ४५७९५००० |
| ४ | ७०१३२१३०१ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १७५२८८७८० | २१०५३९३४० | ० | ३८५८२८१२० |
| ५ | ७०१२३३१३०१ | आन्तरिक मामिला तथा योजना मन्त्रालय | ३८५३५०४० | ३४३००००० | ० | ७२८३५०४० |
| ६ | ७०१३४१३०१ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ४९०७३८५० | १६२००००० | ० | ६५२७३८५० |
| ७ | ७०१३५१३०१ | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २५०९८९९० | २२५३०००० | ० | ४७६२८९९० |
| ८ | ७०१३६१३०१ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३५९२८००० | १०७३४२००० | ० | १४३२७०००० |
| ९ | ७०१३७१३०१ | सामाजिक विकास मन्त्रालय | १०३४७०००० | २४५४०००० | ० | १२८०१०००० |
| | जम्मा | | ५४१९५८६६० | ४७७५०६३४० | | १०१९४६५००० |